नेपाल सरकार

**प्रदेश प्रमुख**
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

(छाप: नेपाल सरकार, प्रदेश प्रमुख, सुदूरपश्चिम प्रदेश, धनगढी, नेपाल)

## बडा दशैं, २०८२ को शुभकामना सन्देश

हिन्दु धर्मालम्बीहरुको महान पर्व बडा दशैं, २०८२ को शुभ-अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सुदूरपश्चिम प्रदेशबासी एवं सम्पूर्ण नेपाली हिन्दु धर्मालम्बी दिदीवहिनी तथा दाजुभाईहरुमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य एवं दीर्घायुका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

यो पर्व आश्विन शुक्ल प्रतिपदाका दिन घटस्थापना गरी नवमी सम्म शक्तीरुपी नवदुर्गा भवानीको पूजाआजा गर्दै विजया दशमीको दिनमा मान्यजनबाट टिका जमरा र आर्शिवाद ग्रहण गर्दै मनाईन्छ। बडा दशैंको उपलक्ष्यमा पारिवारिक मिलन भई खुशियाली तथा हार्दिकता साँटासाँट गर्ने प्रचलन रहेकोले यो पर्वले समुदायमा आपसी रिस, राग र द्वेषलाई बिर्सदै विश्वका बिभिन्न स्थानमा छरिएर रहेका समस्त प्रदेशबासी एवं नेपालीहरुको धार्मिक तथा सांस्कृतिक विविधता बीच आपसी सद्भाव, सहिष्णुता, भातृत्व एवं पारस्पारिक सहयोगलाई थप प्रगाढ तुल्याउन प्रेरित गर्ने मैले महसुस गरेको छु।

अन्त्यमा, यो पर्वले हामी सबैमा राष्ट्र र राष्ट्रियता प्रतिको गहिरो प्रेम, भातृत्व, दिगो शान्ति र सामाजिक सहिष्णुताको लागि थप प्रेरणा मिलोस भन्ने शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

२०८२ आश्विन १६ गते विहीबार ।

नजिर मियाँ
प्रदेश प्रमुख
मिति २०८२/०६/१६

(छाप: नजिर मियाँ, प्रदेश प्रमुख)